नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

प.सं. : २०८१/०८२
च.नं.: २९७

मितिः २०८१/१२/०३

विषयः LISA, FRA र LED को एकिकरण तथा परिमार्जनको लागि सुझाव तथा पृष्ठपोषण सम्बन्धमा ।

श्री गाउँ/नगरपालिका (सबै)
श्री सरोकारवाला (सबै) ।

स्थानीय तहले सार्वजनिक सेवा प्रवाह, स्थानीय विकास व्यवस्थापन, वित्तीय व्यवस्थापन, स्थानीय आर्थिक विकास लगायतका क्षेत्रमा हासिल गरेका उपलब्धीहरुको लेखाजोखा गरी सवल र सुधार गर्नुपर्ने पक्षको पहिचान गर्दै प्रतिष्पर्धात्मक शासकीय सुधार मार्फत स्थानीय तहको सवलीकरणमा सहजीकरणको लागि हाल अभ्यासमा रहेका LISA, FRA र LED को एकिकरण तथा परिमार्जन गरी तयार गरिएको एकीकृत प्रणाली सञ्चालन सम्बन्धी कार्यविधिको मस्यौंदा र प्रस्तावित सूचक यसैसाथ संलग्न छ । प्रस्तावित कार्यविधि तथा सूचकका सम्बन्धमा थपघट वा परिमार्जन गर्नुपर्ने विषयमा तपशील बमोजिमको ढाँचामा १५ दिन भित्र सुझाव तथा पृष्ठपोषण Hardcopy वा cmmofald@gmail.com मा उपलब्ध गराईदिनुहुन अनुरोध छ।

## सुझाव तथा पृष्ठपोषण पठाउने ढाँचा

१. प्रस्तावित स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधी, २०८१ उपर सुझाबः

| कार्यविधिको दफा/उपदफा | संसोधनको व्यहोरा | संसोधन गर्नुपर्नाको कारण |
|---|---|---|
| | | |
| | | |

२. कार्यसम्पादन मूल्याङ्कन सूचक उपर सुझावः

क. थप गर्नुपर्ने सूचक

| प्रस्तावित सूचकको विषयक्षेत्र | थप गर्नुपर्ने सूचकको विवरण | सूचक थप गर्नुपर्नाको कारण |
|---|---|---|
| | | |
| | | |

ख. हटाउनुपर्ने सूचक

| प्रस्तावित सूचकको विषयक्षेत्र | मन्त्रालयबाट प्रस्तावित सूचक नं | हटाउनुपर्नाको कारण |
|---|---|---|
| | | |
| | | |

ग. परिमार्जन गर्नुपर्ने सूचक

| मन्त्रालयबाट प्रस्तावित सूचक नं | परिमार्जन हुनुपर्ने सूचकको विवरण | परिमार्जन गर्नुपर्नाको कारण |
|---|---|---|
| | | |
| | | |

**श्री सूचना प्रविधि शाखाः** वेवसाईटमा राखिदिने व्यवस्थाको साथै स्थानीय तहमा इमेल मार्फत समेत पठाईदिनुहुन ।

प्रकाश पन्थी
शाखा अधिकृत

# स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

**प्रस्तावनाः** स्थानीय तहले सार्वजनिक सेवा प्रवाह, स्थानीय विकास व्यवस्थापन, वित्तीय व्यवस्थापन, स्थानीय आर्थिक विकास लगायतका क्षेत्रमा हासिल गरेका उपलब्धिहरुको लेखाजोखा गरी सबल पक्ष र सुधार गर्नुपर्ने पक्षको पहिचान गर्दै प्रतिस्पर्धात्मक शासकीय सुधार मार्फत स्थानीय तहको सवलीकरणमा सहजीकरण गर्न  वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा ८० को प्रयोजनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले " स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१" तर्जुमा गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१"  रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अङ्कभार" भन्नाले यस कार्यविधिको अनुसूची १ मा उल्लेख भए बमोजिम निर्धारित सूचक अनुसार प्राप्त गर्न सकिने अधिकतम अङ्कलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणाली (सञ्चालन तथा व्यवस्थापन), २०८१, लाइ सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका र नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ङ) "प्रतिवेदन" भन्नाले स्वमूल्याङ्कनबाट प्राप्त नतिजालाई सम्प्रेषण गर्नका लागि तोकिएको ढाँचा बमोजिमको विवरणलाई सम्झनु पर्छ। सो शब्दले सूचना प्रविधिमा आधारित ढाँचाबाट प्राप्त विवरणलाई समेत जनाउँछ ।

(च) "प्रणाली" भन्नाले "स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई सम्झनु पर्छ।

(छ) "सम्पर्क शाखा" भन्नाले स्थानीय तह कार्यसम्पादन मुल्याङ्कन प्रणालीलाई अद्यावधिक र व्यस्थित गर्न तोकिएको शाखालाई सम्झनु पर्छ ।

(ज) "सूचक" भन्नाले यस कार्यविधिको अनुसूची १ मा उल्लेख गरिएका सूचकहरुलाई सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ।

(ञ) "स्वमूल्याङ्कन" भन्नाले गाउँपालिका /नगरपालिकाले दफा ३ बमोजिमका विषय क्षेत्रमा भएको उपलब्धि र उपलब्धि हासिल गर्न अवलम्बन गरिएको प्रक्रियालाई सम्झनु पर्छ।

## परिच्छेद - २

### स्वमूल्याङ्कनको विषयक्षेत्र र सूचकहरू

३. स्वमूल्याङ्कनका विषयक्षेत्रहरुः (१) यस कार्यविधिको अधीनमा रही स्थानीय तहको स्वमूल्याङ्कनका विषयक्षेत्रहरू देहाय बमोजिम हुनेछन्ः

(क) आर्थिक विकास

(ख) सामाजिक विकास

(ग) पूर्वाधार विकास

(घ) वन तथा वातावरण

(ङ) सुशासन तथा संस्थागत विकास

(२) उपदफा (१) बमोजिमका विषयक्षेत्र अन्तर्गतका सूचक र अंकभार अनुसूची १ बमोजिम हुनेछ।

## परिच्छेद - ३

### स्वमूल्याङ्कनका प्रकृया तथा समयावधि

४. स्वमूल्याङ्कन प्रकृयाः (१) सबै स्थानीय तहले देहाय बमोजिम स्वमूल्याङ्कन प्रकृया अवलम्बन गर्नुपर्नेछः-

(क) सम्बन्धित विषयक्षेत्रगत शाखाले आफ्नो जिम्मेवारीमा पर्ने सूचक मूल्याङ्कनका लागि वार्षिक कार्यतालिका तयार गर्ने,

(ख) सम्बन्धित विषयक्षेत्रगत शाखाले आफ्नो जिम्मेवारीमा पर्ने सूचकसँग सम्बन्धित तथ्य तथ्याङ्क र प्रमाणको अभिलेख राख्ने,

(ग) विषयगत समितिले सम्बन्धित शाखाबाट पेस भएको सूचक र सूचकसँग सम्बन्धित प्रमाण तथा कागजातको अध्ययन, विश्लेषण गरी सूचकको मूल्याङ्कन गर्ने,

(घ) विषयगत समितिको सिफारिस सहित विषयक्षेत्रगत शाखाबाट प्राप्त विवरण अनुसार स्वमूल्याङ्कनको अङ्क तथा कागजात सम्पर्क शाखाले प्रणालीमा प्रविष्ट गर्ने,

(ङ) प्रणालीमा प्रविष्ट भएको नतिजा पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पेस गर्ने,

(च) जिल्ला समन्वय समितिले दफा ४ (१) ङ बमोजिम पेस भएको नतिजालाई पुष्ट्याइँको आधारमा पुनरवलोकन गरी आवश्यक पृष्ठपोषण सहित सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनु पर्ने,

(छ) जिल्ला समन्वय समितिको पृष्ठपोषण समेतको आधारमा कार्यपालिकाले प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रूपमा छलफल र विश्लेषण गरी सम्वन्धित विषय क्षेत्रको यथार्थ अङ्क निर्धारण गर्ने।

(ज) स्वमूल्याङ्कनको अन्तिम नतिजा कार्यपालिकाबाट अनुमोदन गरी प्रणालीमा प्रविष्टि गर्ने।

(झ) मन्त्रालयले स्थानीय तहबाट अन्तिम प्रविष्टि भएको नतिजाको गुणस्तर परीक्षण गरी कायम भएको नतिजामा सुधारको लागि स्थानीय तहलाई ७ दिनको समय उपलव्ध गराउने ।

(ञ) स्थानीय तहबाट प्राप्त सुधारको दाबी उपर मन्त्रालयले लेखाजोखा गरी पृष्ठपोषण सहितको अन्तिम नतिजा सार्वजनिक गर्ने।

(ट) स्वमूल्याङ्कनको अन्तिम नतिजा छलफलको लागि स्थानीय तहले सभामा पेश गर्ने।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ठ) स्वमूल्याङ्कनको अन्तिम नतिजा र प्राप्त पृष्ठपोषणका आधारमा स्थानीय तहले सुधारको कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

(२) उपदफा (१) बमोजिमको प्रक्रियाबाट गरिने स्वमूल्याङ्कन मन्त्रालयबाट उपलब्ध हुने सूचना प्रविधिमा आधारित प्रणाली (सफ्टवेयर) मार्फत गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचकको मूल्याङ्कन गर्दा अनुसूचीमा उल्लिखित सूचक अनुसार कार्यसम्पन्न भएको ३० दिनभित्र अङ्क र सूचकसँग सम्बन्धित प्रमाण तथा कागजात प्रविष्ट गरिसक्नु पर्नेछ।

५. स्वमूल्याङ्कन गरिने समयावधिः (१) स्थानीय तहले दफा ४ (१) (ङ) बमोजिमको कार्य हरेक आर्थिक वर्षको भाद्र १५ भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

(२) जिल्ला समन्वय समितिले दफा ४ (१) (च) बमोजिमको पृष्ठपोषण असोज १५ भित्र प्रदान गरिसक्नुपर्नेछ ।

(३) कार्यपालिकाले स्वमूल्याङ्कनको दफा ४ (१) (ज) अन्तिम नतिजा असोज मसान्त भित्र स्वीकृत गरी प्रणालीमा अन्तिम प्रविष्टि गर्नुपर्नेछ ।

(४) मन्त्रालयले दफा ४ (१) (ञ) बमोजिम स्वमूल्याङ्कनको नतिजाको गुणस्तर परीक्षण गरी अन्तिम नतिजा पुष मसान्त भित्र सार्वजनिक गर्नेछ ।

## परिच्छेद - ४

## नतिजाको गुणस्तर व्यवस्थापन

६. नतिजाको गुणस्तर सुनिश्चिताः (१) स्वमूल्याङ्कनका क्रममा तथ्यगत एवम् वस्तुगत तथ्याङ्क तथा पुष्ट्याइँका आधारहरू प्रयोग गरी नतिजाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) स्थानीय तहबाट प्रविष्ट नतिजाको अध्ययन गरी आवश्यक पृष्ठपोषण उपलब्ध गराई गुणस्तर अभिवृद्धि गर्न समन्वय र सहजीकरण गर्ने दायित्व सम्बन्धित जिल्ला समन्वय समितिको हुनेछ।

(३) स्वमूल्याङ्कनको समग्र प्रकृयामा गुणस्तर कायम गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ।

(४) मन्त्रालयले स्वमूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चित गर्न यस कार्यविधि बमोजिम गुणस्तर परीक्षण गर्नेछ।

(५) मन्त्रालयले गुणस्तर परीक्षण गर्दा प्रणालीमा प्रविष्ट कागजातको परिक्षण (डेस्क रिभ्यु) तथा स्थलगत अवलोकन, छलफल एवम् तथ्य तथ्याङ्कको परीक्षण वा सबै विधि अवलम्बन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको गुणस्तर परीक्षण देहाय बमोजिम गरिनेछ।

(क) प्रणालीमा प्रविष्ट प्रमाण तथा कागजातका आधारमा यथार्थपरक र वस्तुनिष्ठ रूपमा अङ्क प्रविष्टि भए नभएको अध्ययन गरी कायम हुने अङ्क एकीन गर्ने।

(ख) दफा ६ (६) (क) का आधारमा प्रत्येक सूचकमा कायम हुन आउने अङ्क घटी वा बढी हुने भएमा सोको आधार र कारण उल्लेख गर्ने।

## परिच्छेद - ५

## संस्थागत व्यवस्था

(७) निर्देशक समितिः (१) स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कनको नीतिगत समन्वय गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - संयोजक

सहसचिव, सङ्घीय मामिला महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- सदस्य

सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

सहसचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग - सदस्य

सहसचिव, राष्ट्रिय योजना आयोग - सदस्य

सहसचिव, अर्थ मन्त्रालय - सदस्य

सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

सहसचिव, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय — सदस्य

सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सदस्य

सहसचिव - उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सहसचिव, खानेपानी मन्त्रालय — सदस्य

उपसचिव, स्थानीय तह समन्वय शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य सचिव

(२) निर्देशक समितिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

क. स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कनको सम्बन्धमा नीतिगत मार्गदर्शन गर्ने,

ख. स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि र सो सम्बन्धी आधार तथा मापदण्ड आवश्यकता अनुसार परिमार्जन तथा सुधार गर्न सुझाव प्रदान गर्ने,

ग. मूल्याङ्कनको नतिजाको अनुमोदन गर्ने,

(३) समितिको बैठक र कार्यसञ्चालन सम्बन्धी कार्यविधी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

८. सहजीकरण समितिः (१) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यमा समन्वय र सहजीकरण गर्न मन्त्रालयमा देहाय बमोजिमको एक सहजीकरण समिति रहनेछ ।

संयोजकः महाशाखा प्रमुख, संघीय मामिला महाशाखा

सदस्यः शाखा प्रमुख, स्थानीय तह समन्वय शाखा

सदस्यः शाखा प्रमुख, स्थानीय तह श्रोत परिचालन शाखा

सदस्यः राष्ट्रिय कार्यक्रम प्रबन्धक,
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम

सदस्यः शाखा प्रमुख, संघीय मामिला शाखा

सदस्यः शाखा प्रमुख, सामाजिक समावेशीकरण शाखा

सदस्यः शाखा प्रमुख, स्थानीय तह क्षमता विकास शाखा

सदस्यः शाखा प्रमुख, आर्थिक प्रशासन शाखा

सदस्य सचिवः शाखा अधिकृत, स्थानीय तह समन्वय शाखा

(२) समितिले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, विषयगत मन्त्रालय लगायतका सम्बन्धित निकाय तथा अन्य विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) सहजीकरण समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन कार्यको सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ख) गुणस्तर परीक्षण कार्यको व्यवस्थापन गर्ने,

(ग) मूल्याङ्कनको अन्तिम नतिजा तयार गरी मन्त्रालयमा पेश गर्ने,

(घ) मूल्याङ्कन नतिजाको आधारमा क्षमता विकासका क्षेत्रहरूको पहिचान गरी क्षमता विकासको लागि सम्बन्धित निकायसँग सहकार्य र समन्वय गर्ने,

(ङ) निर्देशक समितिले तोके बमोजिम मूल्याङ्कन सम्बन्धी अन्य कार्यहरू गर्ने।

(४) समितिको बैठक र कार्यसञ्चालन सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**९. स्थानीय तहको जिम्मेवारीः** (१) यस कार्यविधि बमोजिमको मूल्याङ्कन प्रक्रियामा स्थानीय तहको जिम्मेवारी देहाय अनुसार हुनेछः

(क) जनप्रतिनिधि र कर्मचारीहरूलाई स्वमूल्याङ्कनको उद्देश्य, विधि, प्रकृया, सूचक, सूचक प्राप्तिका लागि सम्पादन गर्नुपर्ने कार्य र सोको जिम्मेवारी लगायत समग्र प्रणालीको बारेमा जानकारी गराउने,

(ख) विषयक्षेत्रगत सूचकको स्वमूल्याङ्कन कार्यका लागि सम्बन्धित विषयगत समिति, महाशाखा र शाखालाई जिम्मेवारी प्रदान गर्ने,

(ग) स्वमूल्याङ्कनको कार्यलाई व्यवस्थित गर्न सम्पर्क शाखा तोक्ने।

(घ) कार्यविधिको दफा ४ र ५ बमोजिमको प्रकृया र समयसीमा अनुसार स्वमूल्याङ्कनको कार्य सम्पन्न गर्ने,

(ङ) स्वमूल्याङ्कनले पहिचान गरेका सुधारका क्षेत्र र समग्र विषयक्षेत्रको प्रभावकारिता अभिवृद्धिको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

(च) स्वमूल्याङ्कनसँग सम्बन्धित सूचना कागजात माग भए बमोजिम जिल्ला समन्वय समिति र मन्त्रालयलाई उपलब्ध गराउने,

(छ) स्वमूल्याङ्कन प्रणालीको सम्बन्धमा सुझाव एवम् पृष्ठपोषण जिल्ला समन्वय समिति र मन्त्रालयलाई उपलब्ध गराउने ।

१०. जिल्ला समन्वय समितिको जिम्मेवारीः (१) यस कार्यविधि बमोजिम जिल्ला समन्वय समितिको जिम्मेवारी देहाय अनुसार हुनेछ ।

(क) कार्यविधिको दफा ४ बमोजिमको मूल्याङ्कन प्रकृयामा तोकिएको कार्य गर्ने,

(ख) स्थानीय तहको क्षमता विकासको लागि आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) स्थानीय तहले स्वमूल्याङ्नमा प्राप्त गरेको नतिजाको तुलनात्मक अध्ययन विश्लेषण गरी सुधारको लागि पृष्ठपोषण प्रदान गर्ने,

(घ) उत्कृष्ट नतिजा हासिल गर्ने स्थानीय तहलाई प्रोत्साहन एवम् पुरस्कृत गर्न आवश्यक प्रबन्ध मिलाउने,

(ङ) गुणस्तर परीक्षणको लागि मन्त्रालयलाई आवश्यक सहयोग गर्ने ।

(२) जिल्ला समन्वय समितिले स्थानीय तहको अनुगमन गर्दा यस कार्यविधिमा उल्लेख भएका विषयलाई आधारको रूपमा लिन सक्नेछ।

**११. मन्त्रालयको जिम्मेवारीः** (१) मन्त्रालयले यस कार्यविधि बमोजिम मूल्याङ्कनसँग सम्बन्धित विवरण प्रविष्टि, भण्डारण, गुणस्तर परीक्षण, नतिजा सार्वजनिकरण लगायतका कार्यलाई व्यवस्थित गर्न सूचना प्रविधिमा मूल्याङ्कन प्रणाली कार्यान्वयनमा ल्याउनेछ।

(२) मन्त्रालयले यस कार्यविधि बमोजिम गरिने स्थानीय तहको स्वमूल्याङ्कनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गरिने क्षमता विकासका कार्यक्रम मन्त्रालयले आफैं, प्रदेश सरकार वा सम्बन्धित जिल्ला समन्वय समिति मार्फत सञ्चालन गर्न सक्नेछ ।

(४) मन्त्रालयले यस उपदफा (२) बमोजिम क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दा अघिल्लो आर्थिक वर्षको मूल्याङ्कनमा कमजोर नतिजा भएका स्थानीय तहलाई प्राथमिकतामा राख्नेछ।

(५) मन्त्रालयले यस कार्यविधि बमोजिम प्राप्त हुने स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन नतिजालाई विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ ।

(६) यस कार्यविधि बमोजिम प्राप्त स्वमूल्याङ्कन नतिजा उपर मन्त्रालयले प्रदेशगत रूपमा वार्षिक समीक्षा गर्न सक्नेछ । उक्त समीक्षामा सम्बन्धित प्रदेश तथा नेपाल सरकारका विषयगत मन्त्रालय र अन्य निकायलाई समेत आमन्त्रण गर्न सक्नेछ।

(७) मन्त्रालयले प्रणालीको सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाउनेछ ।

**परिच्छेद - ६**

**नतिजाको उपयोग**

१२. कार्य सम्पादन सूचकको आधारको रूपमा लिन सकिनेः (१) यस कार्यविधि बमोजिम गरिएको मूल्याङ्कन नतिजालाई स्थानीय तहको कार्यसम्पादन सूचकको आधारको रूपमा लिन सकिनेछ।

(२) स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्दा यस कार्यविधि बमोजिमको नतिजालाई समेत आधारको रूपमा लिन सकिनेछ।

(३) मूल्याङ्कनको नतिजालाई संघ तथा प्रदेशबाट प्रदान गरिने अन्य प्रोत्साहनसँग समेत आबद्ध गर्न सकिनेछ।

१३. मन्त्रालयले यस दफा ११ (५) बमोजिम तयार गरिएको मूल्याङ्कन नतिजालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग तथा आवश्यकता अनुसार नेपाल सरकारका अन्य निकायहरुलाई समेत उपलब्ध गराउन सक्नेछ ।

१४. उत्कृष्ट स्थानीय तह घोषणा सम्बन्धी व्यवस्थाः (१) मन्त्रालयले कार्यसम्पादन मूल्याङ्कनको अन्तिम नतिजाको आधारमा उत्कृष्ट स्थानीय तह घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्कृष्ट स्थानीय तह छनौट गर्दा गाउँपालिका र नगरपालिकालाई अलग अलग रूपमा गरिनेछ ।

१५. मन्त्रालयले सार्वजनिक गरेको नतिजाको आधारमा प्रदेशगत रूपमा प्रदेश सरकारले र जिल्लागत रूपमा जिल्ला समन्वय समितिले उत्कृष्ट स्थानीय तहलाई प्रोत्साहन तथा पुरस्कृत गर्न सक्नेछन् ।

## **परिच्छेद - ७**

## **विविध**

१६. मूल्याङ्कनको ढाँचा हेरफेर गर्न सक्नेः (१) मन्त्रालयले कार्यसम्पादन मूल्याङ्कनबाट प्राप्त नतिजा, स्थानीय तहको पृष्ठपोषण तथा समीक्षा कार्यक्रमबाट प्राप्त सुझाव समेतको आधारमा यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनका सूचक वा अङ्कभारमा आवश्यक हेरफेर वा संशोधन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन सूचक र अङ्कभारमा परिमार्जन, संशोधन वा थपघट गर्नु परेमा एक आर्थिक वर्षको परिणाम आइसके पश्चात् अर्को वर्षको मूल्याङ्कन प्रक्रिया शुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संशोधन वा हेरफेर गरिएको मूल्याङ्कन सूचक र अङ्कभार सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार स्थानीय तहलाई अनुशिक्षण गर्न सक्नेछ ।

**१७. कार्यविधि संशोधनः** यस कार्यविधिमा उल्लिखित विषयहरु संसोधन गर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ ।

**१८. खारेजी र बचाउः** (१) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७, स्थानीय वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७९ र स्थानीय आर्थिक विकास कार्यविधि, २०७९ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लेख भएका कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची १

# स्थानीय सरकार कार्यसम्पादन मुल्याङ्कन प्रणाली (सञ्चालन तथा व्यवस्थापन कार्यविधि), २०८१ का सूचकहरु

## (LISA, FRA र LED को एकिकरण तथा परिमार्जन गरी तयार गरिएको )

| सि.नं. /सूचक नं. | विषयगत क्षेत्र | सूचक | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार |
|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास | आयोजना बैंक स्थापना गरेको | क. अद्यावधिक आयोजना बैक वेबसाइट राखिएको |
| २ | सुशासन तथा संस्थागत विकास | वार्षिक वजेट तथा कार्यक्रममा आयोजना बैंकमा सूचीकृत भएका आयोजना मात्र समावेश गरेको | क. आयोजना बैंकमा भएका आयोजना वार्षिक वजेट तथा कार्यक्रममा समावेश गरेको प्रमाणित विवरण । (ढाँचा बमोजिमको) |
| ३ | सुशासन तथा संस्थागत विकास | वार्षिक वजेट तथा कार्यक्रम संगै मध्ययमकालिन खर्च संरचना तयार भएको ( स्थाससंऐन दफा २४) (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन) | क. वार्षिक वजेट तथा कार्यक्रमको प्रति<br>ख. मध्ययमकालिन खर्च संरचनाको प्रति |
| ४ | सुशासन तथा संस्थागत विकास | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण र बजेट सीमामा अधारित भइ वार्षिक बजेट तथा कार्यक्रम तयार भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ६६ र ६७) | क) स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिवाट आगामी आ.व को आय प्रक्षेपण र बजेट सीमा सम्बन्धी भएको निर्णयको प्रति,<br>ख. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट भएको क्षेत्रगत वजेट सीमा निर्धारण सम्बन्धी निर्णयको प्रति ।<br>ग. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको प्रति |
| ५ | सुशासन तथा संस्थागत विकास | सरोकारवालाहरूको सहभागितामा वस्तीस्तरवाट योजना छनौट गरिएको (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८) | क. बस्ती स्तरमा आयोजित योजना तर्जुमा सम्बन्धी भेलाको उपस्थिति र माग भएका योजनाहरुको सूची सहितको निर्णय प्रति<br>ख. योजना तर्जुमा भेला सम्पन्न भएका टोल बस्तीका महिला, दलित, जनजाती, आदिवासी, वालवालिका पछाडिपरेका वर्ग समुदायको उपस्थितिको प्रमाणित विवरण (ढाँचा बमोजिम) |
| ६ | सुशासन तथा संस्थागत विकास | आन्तरिक आय (अ.ल्या. बाहेक) र राजस्व बाँडफाँडको रकमबाट मात्र प्रशासनिक खर्चको व्यवस्थापन गरिएको | क. आन्तरिक आय (अ.ल्या. बाहेक) र राजस्व बाँडफाँडको रकम र प्रशासनिक खर्चको लागि विनियोजन भएको रकमको प्रमाणित विवरण (ढाँचा बमोजिम) |
| ७ | सुशासन तथा संस्थागत विकास | स्वीकृत भएका सवै आयोजना तथा कार्यक्रमको वार्षिक लक्ष्य बमोजिम प्रगति हासिल भएको | क) स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको आयोजना /कार्यक्रमगत प्रगति प्रतिवेदन (समग्र भौतिक प्रगति) |

| सि.नं. /सूचक नं. | विषयगत क्षेत्र | सूचक | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार |
|---|---|---|---|
| ८ | सुशासन तथा संस्थागत विकास | उपभोक्ता समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि कार्यान्वयनमा ल्याएको | क) उपभोक्ता समिति गठन तथा सञ्चालन कार्यविधि प्रकाशन भएको राजपत्र वेवसाइटमा राखिएको । |
| ९ | सुशासन तथा संस्थागत विकास | आयोजना सञ्चालन स्थलमा आयोजना सूचना पाटी राखेको | क) आयोजना सञ्चालन स्थलमा राखिएको आयोजना सूचना पाटीको तस्विर।<br>ख) आयोजनाको संख्या र सुचनापाटीको प्रमाणित विवरण (ढाँचा बमोजिम) |
| १० | सुशासन तथा संस्थागत विकास | त्रैमासिक विनियोजनका आधारमा सम्बन्धीत त्रैमासिकमै खर्च हुने गरेको | क. त्रैमासिक विनियोजन र खर्च खुल्ने त्रैमासिक वित्तीय प्रगति प्रतिवेदन |
| ११ | सुशासन तथा संस्थागत विकास | तोकिएको सीमा र शिर्षक भित्र रही स्वीकृत कार्यक्रममा मात्र रकमान्तर गरेको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७९) | क. रकमान्तर भएको शिर्षकको शुरु विनियोजित र रकमान्तर भई थपघट भएको बजेटको सम्बन्धी तुलनात्मक विवरण (ढाँचा बमोजिम) |
| १२ | सुशासन तथा संस्थागत विकास | उपभोक्ता समिति मार्फत सम्पन्न भएका आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको (ऐनको दफा उल्लेख गर्ने) | क. उपभोक्ता समितिबाट सम्पन्न भएका आयोजना मध्ये उपभोक्ता समितिलाइ हस्तान्तरण गरिएका आयोजनाको विवरण (ढाँचा बमोजिम) |
| १३ | सुशासन तथा संस्थागत विकास | सम्पन्न भएका पूर्वाधार आयोजनाको मर्मत संभारको लागि वजेट बजेट तथा कार्यक्रम स्वीकृत भएको | क.मर्मत संभार भएका आयोजनाको विवरण |
| १४ | सुशासन तथा संस्थागत विकास | अन्तर स्थानीय तहसँगको सहकार्य साझेदारीको क्षेत्र पहिचान भई सोको कार्यान्वयन भएको (स्था.स.स.ऐ. दफा २६) | क. संयन्त्रबाट साझेदारीको क्षेत्र पहिचान गरेको निर्णयको प्रति<br>ख. साझेदारीमा सञ्चालन भएको कार्यक्रम प्रगति विवरण |
| १५ | सुशासन तथा संस्थागत विकास | ससर्त अनुदानबाट सञ्चालन भएका आयोजना तथा कार्यक्रमको प्रगति विवरण आवधिक रुपमा सम्बन्धीत निकायमा पठाउने गरेको | क. ससर्त अनुदानबाट संचालित कार्यक्रमको आवधिक प्रगति विवरण र विवरण पठाएको प्रमाण |
| १६ | सुशासन तथा संस्थागत विकास | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिसमा कार्यपालिकाले आगामी आ. व. को लागि आय व्ययको प्रक्षेपण स्वीकृत गरी सोको प्रतिवेदन पौष मसान्त भित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरेको (वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८) | क. स्रोत अनुमान समितिको सिफारिस<br>ख. कार्यपालिकाको निर्णय<br>ख. प्रक्षेपित आय व्ययको प्रक्षेपित प्रतिवेदन तोकिएको समयमा पठाएको पत्र |
| १७ | सुशासन तथा संस्थागत विकास | स्थानीय तहले तयार गर्नुपर्ने वित्तीय र भैतिक प्रगति देखिने वार्षिक प्रतिवेदन तयार गरी वेबसाइटमा राखेको | क. वित्तीय र भैतिक प्रगति देखिने वार्षिक प्रतिवेदन वेबसाइटमा राखेको प्रमाण |
| १८ | सुशासन तथा संस्थागत विकास | मूल्याङ्कन वर्ष भन्दा अघिल्लो आ.व.को वार्षिक बजेट तथा कार्यक्रमको समीक्षा गत आ.व. को पहिलो त्रैमासिक भित्र सम्पन्न गरेको | क) समीक्षा उपस्थिति र निर्णय सहितको समीक्षा प्रतिवेदन |

| सि.नं. /सूचक नं. | विषयगत क्षेत्र | सूचक | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार |
|---|---|---|---|
| १९ | सुशासन तथा संस्थागत विकास | मन्त्रालयले तयार गरेको स्थानीय तहको अनुगमन तथा प्रतिवेदन प्रणालीमा विवरण अद्यावधिक गरेको | क.अनुगमन तथा प्रतिवेदन प्रणालीमा विवरण अद्यावधिक गरेको अवस्था देखिने प्रमाण |
| २० | सुशासन तथा संस्थागत विकास | सभाको बैठक हुनुभन्दा ७ दिन अगावै कार्यसूची सहितको जानकारी सदस्यले प्राप्त गरी सभाको बैठक बसेको | क. सभाको बैठकमा आमन्त्रण गरेको कार्यसूची संलग्न पत्र<br>ख. उक्त पत्र विद्युतिय माध्यमबाट प्रेशित गरेको प्रमाण<br>ग. सभाको वैठकको उपस्थिति |
| २१ | सुशासन तथा संस्थागत विकास | लेखा समिति, विधायन समिति र सुशासन समिति लगायतका सभाका समितिबाट पेश भएका प्रतिवेदन सभामा छलफल भएको | ख) सभाका समितिबाट पेश भएका प्रतिवेदन सम्बन्धमा सभामा भएको छलफल तथा निर्णयको प्रति |
| २२ | सुशासन तथा संस्थागत विकास | कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी नियमावली स्वीकृत गरी कार्यान्वयन गरिएको (स्था.स.स.ऐन दफा १६) | क. स्वीकृत कार्यविभाजन र कार्यसम्पादन नियमावली वेवसाइटमा राखिएको प्रमाण |
| २३ | सुशासन तथा संस्थागत विकास | कार्यपालिकाका समितिको बैठक बसी कार्यपालिकामा पेश गरेको प्रतिवेदन कार्यपालिकामा छलफल हुने गरेको | क) समितिबाट पेश भएका प्रतिवेदन सम्बन्धमा कार्यपालिकामा भएको छलफल तथा निर्यणको प्रति |
| २४ | सुशासन तथा संस्थागत विकास | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा ल्याएको | क. सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को वार्षिक प्रतिवेदन |
| २५ | सुशासन तथा संस्थागत विकास | स्थानीय तह भित्रका सार्वजनिक सम्पत्तिको अभिलेख तयार गरी अध्यावधिक गरिएको | क. सार्वजनिक सम्पत्तिको अध्यावधिक अभिलेखको प्रति |
| २६ | सुशासन तथा संस्थागत विकास | जिन्सी निरक्षण गरी प्रतिवेदनमा औल्याईएका मर्मत तथा लिलाम गर्नु पर्ने सामग्री भएमा मर्मत तथा लिलाम गरेको | क.वार्षिक जिन्सी निरिक्षण प्रतिवेदन<br>ख. जिन्सी निरीक्षणले औल्याईएका मर्मत गर्नुपर्ने सामानको मर्मत भएको विवरण<br>ग. लिलाम सम्बन्धी कार्यवाही सम्पन्न भएको प्रमाण |
| २७ | सुशासन तथा संस्थागत विकास | स्वीकृत दरबन्दी तेरिज, संगठन संरचना र कार्यविवरण वेवसाइटमा राखेको | ख) स्वीकृत संगठन संरचना र दरबन्दी तेरिज वेवसाइटमा राखेको<br>ग. कर्मचारीको कार्यविवरण वेवसाइटमा राखेको । |
| २८ | सुशासन तथा संस्थागत विकास | स्वीकृत दरबन्दी मध्ये स्थायी पदपुर्ति गर्नुपर्ने पद रिक्त भएमा माग आकृति फारम भरी प्रदेश लोक सेवा आयोगमा पठाएको | क) स्वीकृत दरबन्दी र पदपुर्तिको अवस्था खुल्ने विवरण<br>ख. रिक्त पदको माग आकृति फारम प्रदेश लोक सेवा आयोगमा पठाएको पत्र र फारमको प्रति । |
| २९ | सुशासन तथा संस्थागत विकास | कुनै कर्मचारी अनुपस्थित हुँदा वैकल्पिक सेवा प्रवाहको प्रवन्ध गरिएको | क) कर्मचारीको अनुपस्थित हुदा अर्को कर्मचारीले काम गर्न प्रवन्ध मिलाइएको कागजात वा जिम्वेवारी तोकिएको पत्र, |
| ३० | सुशासन तथा संस्थागत विकास | विद्युत तथा इन्टरनेट पहुँच भएका कार्यपालिका/वडा कार्यालय, सेवाकेन्द्र, स्वास्थ्य संस्था, सामुदायिक विद्यालयमा विद्युतीय हाजिरी कार्यान्वयनमा ल्याएको | क. तोकिएका निकाय मध्ये इहाजिरी कार्यान्वयनमा ल्याइएका निकायको विवरण<br>ख. विद्युतीय हाजिरी को एकिकृत प्रतिवेदन ।(ढाँचा बमोजिम) |

| सि.नं. /सूचक नं. | विषयगत क्षेत्र | सूचक | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार |
|---|---|---|---|
| ३१ | सुशासन तथा संस्थागत विकास | अनुगमन तथा मूल्याङ्कन सम्बन्धी स्थानीय कानून स्वीकृत गरी कार्यान्वयन गरेको (अनुगमन तथा मुल्यङ्कन ऐन, २०८० दफा १५ (६) | क. अनुगमन तथा मूल्यांकन सम्बन्धी स्थानीय कानून प्रकाशन भएको स्थानीय राजपत्रको प्रति वेबसाइटमा राखिएको । |
| ३२ | सुशासन तथा संस्थागत विकास | आयोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि शाखा र पदाधिकारी तोकिएको (अनुगमन तथा मुल्याङ्कन ऐन, २०८० को दफा १५ (२) | क. आयोजनाको अनुगमन तथा मूल्यांकनका शाखा र पदाधिकारी तोकिएको निर्णयको प्रति |
| ३३ | सुशासन तथा संस्थागत विकास | अनुगमन तथा मुल्याङ्कन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गरेको | क. कार्यपालिकावाट स्वीकृत अनुगमन तथा मुल्यांकन कार्ययोजनाको प्रति ।<br>ख. अनुगमन तथा मुल्याङ्कन प्रतिवेदनको प्रति |
| ३४ | सुशासन तथा संस्थागत विकास | स्थानीय तहबाट सञ्चालन भएको आयोजना /कार्यक्रमको जिल्ला समन्वय समितिबाट अनुगमन गरी पृष्ठपोषण सहित प्राप्त प्रतिवेदन कार्यपालिकामा छलफल भएको | क. जिल्ला समन्वय समितिबाट प्राप्त अनुगमन प्रतिवेदन<br>ख. उक्त प्रतिवेदन सम्बन्धमा कार्यपालिकाबाट भएको निर्णय । |
| ३५ | सुशासन तथा संस्थागत विकास | कार्यसम्पादन मुल्याङ्कन नतिजाको आधारमा सुधार तथा दीगोपनाका लागि कार्ययोजना बनाइ कार्यान्वयन गरेको | क) कार्यसम्पादन नजिजामा आधारित क्षमता विकास कार्ययोजनाको प्रति<br>ख. कार्ययोजना बमोजिमका क्रियाकलापको प्रगति प्रतिवेदन |
| ३६ | सुशासन तथा संस्थागत विकास | जनप्रतिनिधि र कर्मचारीहरू क्षमता विकास कार्ययोजनाको लक्ष्य अनुसार तालिम तथा अभिमुखीकरण कार्यक्रममा सहभागी भएका | क) कार्ययोजना बमोजिम तालिम तथा अभिमुखीकरण कार्यक्रममा सहभागी भएका जनप्रतिनिधि र कर्मचारीको प्रमाणित विवरण (ढाँचा बमोजिम) |
| ३७ | सुशासन तथा संस्थागत विकास | उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना कार्यान्वयन गर्नुपुर्व सबै उपभोक्ता समितिलाई अभिमुखीकरण गरेको | क. गठन भएका उपभोक्ता समिति र तालिम प्रदान गरिएका उपभोक्ता समितिको प्रमाणित विवरण (ढाँचा बमोजिम) |
| ३८ | सुशासन तथा संस्थागत विकास | सभाको निर्णय र स्वीकृत वार्षिक योजना तथा कार्यक्रम सभाबाट पारित भएको ७ दिन भित्र सार्वजनिक गरेको | क. सभाको निर्णय र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गरिएको मिति स्पष्ट देखिने प्रमाण |
| ३९ | सुशासन तथा संस्थागत विकास | कार्यपालिकाका निर्णय ७ दिन भित्रमा सार्वजनिक गरेको | क. कार्यपालिका निर्णय सार्वजानिक गरिएको मिति स्पष्ट देखिने प्रमाण |
| ४० | सुशासन तथा संस्थागत विकास | आय व्ययको विवरण त्रैमासिक रूपमा सार्वजानिक गर्ने गरेको (सूचनाको हक सम्बन्धी ऐनको दफा ५ (३) ट | क. आय व्ययको विवरण त्रैमासिक रूपमा सार्वजानिक गरेको प्रमाण |
| ४१ | सुशासन तथा संस्थागत विकास | हरेक चौमासिकमा कम्तिमा एकपटक सरोकारवालाको सहभागितामा सार्वजनिक सुनुवाइ गरेको (स्थाससंऐ दफा ७८ र सुशासन ( व्यवस्थापन तथा सञ्चालन ) ऐन, २०६४ को दफा ३०) | क) सम्पन्न सार्वजानिक सुनुवाइका प्रतिवेदन |

| सि.नं. /सूचक नं. | विषयगत क्षेत्र | सूचक | संलग्न गर्नुपर्ने पुष्ट्याइँको आधार |
|---|---|---|---|
| ४२ | सुशासन तथा संस्थागत विकास | सेवाग्राही बहिर्गमन अभिमत संकलन (Exit Poll) जस्ता सेवाग्राही सन्तुष्टी मापन प्रणाली वा सेवाग्राही सन्तुष्टि सर्भेक्षण गरी प्रतिवेदन सार्वजनिक गरेको | क. सेवाग्राही सन्तुष्टी मापन प्रणाली वा सेवाग्राही सन्तुष्टि सर्भेक्षणको प्रतिवेदन |
| ४३ | सुशासन तथा संस्थागत विकास | स्थानीय तहमा प्राप्त गुनासो फछ्र्यौट गरेको (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३१ | क. स्थानीय तहमा दर्ता र फछ्र्याैट भएका गुनासोको अभिलेख |
| ४४ | सुशासन तथा संस्थागत विकास | खरिद एकाई मार्फत पेश भएको वार्षिक खरिद योजना स्वीकृत गरेको (सार्वजनिक खरिद ऐनको दफा ६) | क. स्वीकृत वार्षिक खरिद योजनाको प्रति |
| ४५ | सुशासन तथा संस्थागत विकास | सार्वजनिक खरिद सम्वन्धी कानुनमा व्यवस्था भए वमोजिमको सार्वजनिक खरिद गर्दा इबिडिङ (E-Bidding) प्रणाली कार्यान्वयनमा ल्याएको (सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४६) | क. इबिडिङ (E-Bidding) गरिएका आयोजना।कार्यक्रमको विवरण |
| ४६ | सुशासन तथा संस्थागत विकास | बोलपत्र मार्फत हुने सार्वजनिक खरिदमा Pre-Bid Meeting गर्ने गरेको (सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५२) | क. Pre-Bid Meeting को माइन्युटको प्रति |
| ४७ | सुशासन तथा संस्थागत विकास | कार्यालयबाट प्रवाह हुने विषयक्षेत्रगत सेवाको सेवा प्रवाह मापदण्ड (SOP) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | क. कार्यपालिकावाट स्वीकृत सेवा प्रवाह मापदण्डको प्रति |
| ४८ | सुशासन तथा संस्थागत विकास | नागरिक बडापत्र कार्यान्वयनमा ल्याएको | क. नागरिक वडापत्रको तस्विर<br>ख. वेवसाइटमा सार्वजनिक गरेको लिङक |
| ४९ | सुशासन तथा संस्थागत विकास | सेवा प्रवाहलाई सहज बनाउन घुम्ती सेवा वा संयुक्त सेवा (Service Poolling) प्रणाली कार्यान्वयनमा ल्याएको | क. घुम्ती सेवा वा Service Poolling मार्फत सेवा प्रवाह गरेको तस्विर सहितको प्रतिवेदन |
| ५० | सुशासन तथा संस्थागत विकास | घटना घटेको ३५ दिन भित्र (जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद, बसाइ सराइ) व्यक्तिगत घटना दर्ता भएको | क. व्यक्तिगत घटना दर्ताको वार्षिक प्रतिवेदन |
| ५१ | सुशासन तथा संस्थागत विकास | आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका स्वीकृत गरी सार्वजनिक गरेको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७८(१) र आर्थिक कार्यविधि र वितिय उतरदायित्व ऐन २०७६ को दफा ३१) | क. स्वीकृत आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका वेबसाइटमा राखिएको |
| ५२ | सुशासन तथा संस्थागत विकास | आन्तरिक नियन्त्रण प्रणाली कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गरेको | क. स्वीकृत कार्ययोजनाको प्रति |
| ५३ | सुशासन तथा संस्थागत विकास | आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति क्रियाशील भएको | क. समितिको वैठकबाट स्वीकृत अनुगमन प्रतिवेदन |
